२०७९ सालको कार्यविधि नं. १

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः १ | मितिः२०७९।०४।१६ |
|---|---|---|

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना :**

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिक, प्राकृतिक विपत्तिमा परेकाहरु लगायत सहायता जरुरतको अवस्थामा रहेकाको लागि स्थानीय सरकारको दायित्वभित्र पर्ने आर्थिक सहायता व्यवस्थित किसिमबाट प्रदान गर्नका लागि कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले हेटौंडा

हेटौंडा राजपत्र

उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागू हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "नगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्त मनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित तथा प्रभावित बालबालिका, वेसहारा, वृद्धवृद्धा, परिस्थितिजन्य प्रतिकूलताबाट आर्थिक सामार्थ्य गुमेको व्यक्ति, राष्ट्र र राष्ट्रियता एवम् सार्वजनिक हित प्रवर्द्धन गर्ने कार्यमा संलग्न भएको व्यक्ति (अभियन्ता) सम्झनु पर्दछ । साथै सो शब्दले आर्थिक रुपले अति विपन्न व्यक्ति, परिवार समेतलाई जनाउने छ ।

(घ) "न्यायिक समिति" भन्नाले हेटौंडा उपमहानगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "नगर उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) "आर्थिक सहायता" भन्नाले हेटौंडा उपमहानगरपालिकाबाट यस कार्यविधि बमोजिम आर्थिक सहायता पाउन योग्य व्यक्ति/संस्थालाई उपलब्ध गराइएको रकमलाई सम्झनु पर्दछ ।

(झ) “दिर्घ रोग” भन्नाले दिर्घ जीवनमा असर पार्ने तथा शरीरको शक्तिलाई क्षयीकरण गर्ने जस्तै : क्यान्सर, दम, मधुमेह, मुटुरोग, पक्षघात, अल्जाइमर, मेरुदण्ड सम्बन्धी, मृगौला सम्बन्धी, एच.आइ.भी.एड्स लगायतका रोगहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद - २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दिर्घ रोगीहरुलाई सहायता :-** (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित वा यस्तै प्रकृतिका रोग भएका व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी रु.१,०००।- (एक हजार) देखि रू.५०,०००।- (पचास हजार) सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सक्नेछ ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायता :-** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि रू.२५,०००/- (पच्चिस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवं पूर्नस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :-** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित तथा प्रभावित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रू. १०,०००/- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि सञ्चालनमा रहेका बालबालिकाको क्षेत्रमा कार्यरत संस्था तथा बाल उद्धार गृहहरु र सामुदायिक एवम् संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ ।

**६. दुर्घटनामा परेकालाई सहायता:** कुनै ठूलो दूर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा पिडीतको अवस्था हेरी रु.२०,०००।- (बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

**७. असहायहरुलाई सहायता :** यस उपमहानगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन

तथा काम गरि खान नसक्ने अवस्थामा भएको व्यक्तिले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी रु.५,०००।- (पाँच हजार) सम्म सहयता दिन सकिने छ ।

८. **खेलकुद क्षेत्रमा सहायता :** यस उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न अवसरमा सञ्चालन हुने विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्दा र यस उपमहानगरपालिकाभित्रका विभिन्न खेलकुद संघ संस्थाहरुबाट उपमहानगरपालिकाको प्रतिनिधित्व गरी प्रतियोगितामा भाग लिन जाने खेलाडीहरुका लागि आर्थिक सहयोगको लागि माग भई आएमा त्यस्ता कार्यक्रमहरुका लागि रु.२५,०००।- (पच्चिस हजार) सम्म सहायता दिन सकिने छ ।

९. **प्राकृतिक प्रकोपमा परेकाहरुलाई सहायता :** यस उपमहानगरपालिकाभित्र बसोबास गर्ने नगरवासीहरु कुनै ठुलो प्राकृतिक तथा विपद्मा परेको अवस्थामा निजहरुको भएको हानी, नोक्सानी तथा क्षतिको अवस्था हेरी रु.१०,०००।- (दश हजार) सम्म सहायता दिन सकिने छ ।

१०. **शैक्षिक अवलोकन भ्रमण सहायता :** यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय र क्याम्पसहरुबाट हुने शैक्षिक अवलोकन भ्रमणको लागि बढीमा रु.५,०००।- (पाँच हजार) सम्म सहायता दिन सकिनेछ ।

११. **संघ संगठन :** यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र नगरपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रवर्द्धन, नगरको विकास, जनचेतनाका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ ।

**११.१) वडा, नगर र जिल्ला स्तर कार्यक्रम :**

क) वडा कार्यालयको सिफारिसमा नगर स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा प्रकृति र अवस्था हेरी रु.१५,०००।- (पन्ध्र हजार) सम्म उपलव्ध गराउन सकिने छ ।

ख) जिल्ला स्तर संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी रु.२०,०००।- (बीस हजार) सम्म उपलब्ध गराउन सकिने छ ।

**११.२) प्रदेश र केन्द्र स्तर कार्यक्रमः**

क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी रु.२५,०००।- (पच्चिस हजार) सम्म उपलब्ध गराउन सकिने छ ।

ख) प्रदेश स्तर भन्दा माथिका संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी रु.३५,०००।- (पैंतिस हजार) सम्म उपलब्ध गराउन सकिने छ ।

१२. **आर्थिक सहयता प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक सहायताहरु प्राप्त गर्न सम्वद्ध व्यक्ति तथा संस्थाले अनिवार्य रुपमा आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन दिनुपर्नेछ ।

**स्पष्टीकरणः** "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकाय/वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका माग पुष्टी हुने कागजातलाई जनाउने छ ।

(२) कार्यालयमा पेश भेपय निवेदन उपर नगर प्रमुखपय तोकादेश भएपछि आर्थिक सहयोगको कारवाही अगाडि बढाइनेछ ।

## परिच्छेदः–३
## आर्थिक सहायता भुक्तानी प्रकृया

**१३) भुक्तानी प्रकृया :** (१) रु.२५,०००।- (पच्चीस हजार) सम्मको आर्थिक सहायता नगर प्रमुखले र सो भन्दा माथिको सहायता नगर कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ ।

(२) मानवीय सहायताको हकमा भुक्तानी गर्दा देहाय वमोजिम प्रकृया अपनाउनु पर्नेछ :

क) सम्बन्धित व्यक्ति वा संरक्षकको निवेदन, नागरिकता, वडा कार्यालयको सिफारिस,

ख) उपचारको हकमा नागरिकता, वडा कार्यालयको सिफारिस र अस्पतालले चेकजाँच गरेको कागजात,

ग) पुष्ट्याईको लागि कार्यालयले माग गरेका अन्य आवश्यक कागजातहरु ।

(३) संघ/संगठनको हकमा आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम प्रकृया अपनाउनु पर्नेछ :

क) संघ/संगठनको लेटरप्याडमा अधिकारिक पत्र,

ख) प्रस्तावपत्र र कार्यालयले माग गरेका आवश्यक कागाजतहरु ।

(४) सहायता रकम चेक मार्फत उपलव्ध गराइनेछ । संघ/संगठनको हकमा AC Payee मार्फत भुक्तानी गरिनेछ ।

५) नगर सभाले विषयगत रुपमा विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ति, संघ संगठनलाई एक आर्थिक वर्षमा एक पटक भन्दा वढि आर्थिक सहयोग प्रदान गरिने छैन । प्रत्येक आर्थिक वर्षमा सभाबाट आर्थिक सहायता सम्बन्धमा छुट्टै बजेट विनियोजन गर्न सकिनेछ ।

६) अर्को आर्थिक वर्षमा दायित्व पर्ने गरी आर्थिक सहयोग बापत निर्णय गरिने छैन ।

७) संलग्न कागजपत्र तथा प्रमाणको आधारमा उपमहानगरपालिकाले भुक्तानी दिनेछ ।

## परिच्छेदः–४
## विविध

**१४) बाझिएमाः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

**१५) यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** यस अघि यस उपमहानगरपालिकाबाट भएका वा दिइएका आर्थिक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**१६) व्याख्याः** यस कार्यविधिको परिपालना तथा कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**